नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर
(.................................. शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर

पत्र संख्या:-
चलानी नं.:-

मिति: ..............................

# पाठ्यसामग्री लेखनका आधार, २०८१

विद्यार्थीहरूलाई पाठ्यक्रमले तोकेका सक्षमता र सिकाइ उपलब्धि प्राप्तिमा सहयोग पुऱ्याउन विद्यालयमा प्रयोगमा ल्याइने थप पाठ्यसामग्री लेखन, मूल्याङ्कन प्रक्रियालाई थप व्यवस्थित बनाउन पाठ्यसामग्री लेखनका आधार तयार गरिएको छ । पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भई केन्द्रको वेबसाइटमा सार्वजनिक भएका मितिदेखि यी आधार लागु हुनेछन् । केन्द्रले आवश्यकता र समयानुकूल यसमा परिमार्जन गर्न सक्नेछ ।

१. पाठ्यक्रमको अवधारणाअनुरूप पाठ्यक्रमका उद्देश्य तथा तहगत सक्षमता र कक्षागत सिकाइ उपलब्धि हासिल हुने गरी सम्बन्धित विषयको पाठ्यक्रमले निर्धारण गरेको विषयवस्तुका क्षेत्र क्रमअनुसार सङ्गठित र सरल रुपमा विषयवस्तुलाई पाठ्यघण्टाअनुसार राखी पाठ्यसामग्री लेखन तथा अद्यावधिक गरिएको हुनुपर्ने

२. पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ को अनुसूची २ मा दिइएको पाठ्यपुस्तक मुल्याङ्कनका आधारमा आधारित भई पाठ्यसामग्री लेखन गरिएको हुनुपर्ने

३. राष्ट्र, राष्ट्रिय एकता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, पहिचान, सम्मान र समृद्धिमा आँच आउने तथा विभिन्न जातजाति, भाषा, धर्म, वर्ण, क्षेत्र, लैङ्गिकता, अपाङ्गता, पेसा, व्यवसाय, संस्कृति, सामाजिक सहिष्णुता, सद्भाव, सांस्कृतिक मूल्यमान्यता, रहनसहन र अन्तर्राष्ट्रिय सम्बन्धमा प्रतिकूल प्रभाव पार्ने तथा भावनात्मक रूपमा चोट पुऱ्याउने, आक्षेप लाग्ने, होच्याउने र विभेदीकरण गर्ने किसिमका कुनै पनि विषयवस्तु, उदाहरण, चित्र, अभ्यास, सिकाइ क्रियाकलापलगायत समावेश गर्न नहुने ।

४. पाठ्यसामग्रीको लेखन गर्दा सम्बन्धित विद्यमान ऐन, नियम, कार्यविधि, निर्देशिका लगायत यस केन्द्रबाट विभिन्न समयमा जारी गरिएका सूचना तथा निर्देशन एवम सुझावहरूको परिपालना हुनुपर्ने

५. विषयवस्तुको प्रस्तुतीकरण, उदाहरण, चित्र, अभ्यास, नाम, स्थान, परिवेश, पात्र चयन र प्रयोगमा रोचकता, उपयुक्तता, सान्दर्भिकता, समसामयिकता, सामञ्जस्यता, समावेशिता र विविधता कायम हुनुपर्ने

६. विषयवस्तुको प्रकृति, सान्दर्भिकताका आधारमा विद्याथीको तह, रुचि र क्षमता अनुरूप खोजमूलक सिकाइमार्फत दैनिकजीवनसँग आबद्ध गर्दै विद्यार्थीमा विविध क्षमता विकास हुने गरी क्रियाकलाप तथा प्रयोगात्मक, सिर्जनात्मक र परियोजना कार्यहरू सन्तुलित रूपमा समावेश हुनुपर्ने

७. सकेसम्म एउटा पाठ वा अभ्यास वा कक्षामा समावेश गरिएका चित्र तथा लेख रचना अर्को पाठ वा अभ्यास वा कक्षामा दोहोऱ्याउन नहुने

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(..................................... शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७

सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः-
चलानी नं.:-

मितिः ..............................

८. पाठ्यसामग्रीका विषयवस्तु र अभ्यासलाई विद्यार्थीको दैनिक जीवन, पेसा व्यावसाय, श्रमबजार तथा उत्पादनसँग जोडने र श्रमको सम्मान गर्ने संस्कृतिको विकास हुने गरी आबद्ध गरिनुपर्ने

९. पाठ्यसामग्रीमा पाठ्यक्रम, सिकाइ उपलब्धि, विशिष्टिकरण तालिका, शिक्षकलाई निर्देशन, सारांश, एकाइ मूल्याङ्कन, नमुना प्रश्न तथा पुराना प्रश्न र प्रश्नोत्तर राख्न नहुने ।

१०. इन्टरनेट वा अन्य स्रोतबाट विषयवस्तु, चित्र, उदाहरण, चार्ट, ग्राफ, तालिकालगायत साभार गर्न नहुने, गर्नैपर्ने भए आधिकारिक स्रोत खुलाउनु पर्ने ।

११. पाठ्यवस्तुको प्रस्तुत गर्दा, विद्याथीको रुचि, उमेर, अनुभव एवम् कक्षाको स्तरअनुरूप शब्द तथा वाक्य चयन मौलिक, सरल, सहज, रोचक र सिर्जनात्मक हुनुपर्ने ।

१२. वर्णविन्यास एवम् भाषिक शुद्धता पाठ्यक्रम विकास केन्द्रको प्रकाशन शैलीअनुसार हुनुपर्ने ।

१३. नेपाल सरकारका आधिकारिक निकायबाट स्वीकृत र अध्यावधिक भएका तथ्याङक, फारम, भौचर, नक्सा र निर्देशन समावेश हुनुपर्ने

१४. प्रतिलिपि अधिकार प्राप्त नगरी पाठ्यक्रम विकास केन्द्रद्धारा प्रकाशित कुनै पनि पाठ्यसामग्रीमा समावेश गरिएका विषयवस्तु, चित्र, अभ्यास, उदाहरण, सिकाइ क्रियाकलाप आदि समावेश गर्न नपाइने । प्रतिलिपि अधिकार (Copy right) को सम्बन्धमा सम्बन्धित लेखक वा प्रकाशक स्वयम् जिम्मेवार हुनुपर्ने ।